जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १५९ २०८२ साल माघ ९ गते शुक्रबार (23 Jan 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : आमाहरुको निर्वाचन ... ३ पृष्ठमा : प्रत्यक्ष निर्वाचनमा होमिएका ... ३ पृष्ठमा : कराची मल आगलागीमा ...



शुक्रबार मनाइने सरस्वती पूजाका लागि राजविराजस्थित मूर्तीकारले बनाएका माटाका मूर्ती । विभिन्न विद्यालय, क्याम्पस तथा अन्य स्थानमा मनाउनका लागि एक महिनादेखी अर्डर दिएर बुक गरेका सरस्वतीका मूर्तीलाई मुर्तीकारले बिहीबार पूर्ण रुप दिएका छन् ।

*तस्बिर : राजविराज दैनिक*

## डुबेर एक किशोरीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

सप्तरीको विष्णुपुर गाउँपालिकामा पोखरीमा डुबेर एक किशोरीको मृत्यु भएको छ ।

गाउँपालिकाको वडा नं. ५ स्थित मझाउ टोलमा पोखरीमा डुबेर स्थानिय १६ वर्षीया पुजा कुमारी साहको मृत्यु भएको हो ।

घर नजिकै रहेको मजैलाल मण्डलको पोखरीमा कपडा धुने क्रममा बिहीबार डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिँदै घटनाबारे थप अनुसन्धान भइरहेको बताए ।

## चिनी उद्योगको मेसिनमा च्यापिएर मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ८ माघ ।**

सर्लाहीको धन्कौलमा उखुको खुवा बनाउने मेसिनमा च्यापिएर एक मजदुरको मृत्यु भएको छ । धन्कौल गाउँपालिका-३, मा रहेको अन्नपूर्ण चिनी उद्योगको खुवा बनाउने मेसिनमा च्यापिएर धन्कौल-४, महिनाथपुर बस्ने १९ वर्षका चुनचुन रायको मृत्यु भएको हो ।

काम गर्ने क्रममा च्यापिएका रायको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीको प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिनुभयो । प्रहरीका अनुसार रायको शव परीक्षणको लागि प्रादेशिक अस्पताल मलङ्वामा राखिएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता राईको भनाइ छ ।

# नगरपालिकाद्वारा विद्यार्थीलाई निःशुल्क पुस्तक प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

राजविराज नगरपालिकाले विशेष पुस्तक प्रदर्शनीसहित विद्यार्थीलाई निःशुल्क रुपमा पुस्तक प्रदान गरेको छ ।

सरस्वती पुजाको अवसर पारेर विहीवार साहित्यिक संस्था साझा प्रकाशनमा एक दिने विशेष पुस्तक प्रदर्शनीको आयोजना गरेर नगरपालिकाले नगरक्षेत्रका आधा दर्जन विद्यालयका छात्र/छात्रालाई निःशुल्क पुस्तक वितरण गरेको हो ।

नगरपालिका क्षेत्र भित्रका जनता आधारभुत, राजदेवी, केशो अनिरुद्धबती तथा पब्लिक बिन्देश्वरी लगायतका माध्यमिक विद्यालयका चार दर्जन भन्दा बढी विद्यार्थीलाई नगरपालिकाले विभिन्न विद्याका पुस्तकहरु निःशुल्क वितरण गरेका थिए ।

वितरण गरिएका पुस्तकहरुमा स्वास्थ, कानुन, सामान्य ज्ञान, बालसाहित्य, शब्दकोष, खेलकुद, ब्याकरण, निबन्ध, नैतिक शिक्षा लगायतका पुस्तकहरु छन ।

प्रदर्शनीको उदघाटन गर्दै कार्यवाहक नगर प्रमुख इसरत परवीनले पठन संस्कृतीको विकास र पठन शैलीको निरन्तरताका लागी नगरपालिकाले विद्यार्थीहरुलाई लक्षित गरी निःशुल्क पुस्तक प्रदर्शनीको आयोजना गरेको बताईन ।

लामो समयदेखी बन्द रहेको लेखनाथ पुस्तकालय पुनः संचालनका लागी नगरपालिकाले आवश्यक बजेट विनियोजन गरिसकेको जानकारी दिँदै उनले यसै आर्थिक वर्षमा सो पुस्तकालय संचालनमा ल्याउने गरी गृह कार्य अघि बढेको बताईन ।

नगरपालिकाका शिक्षा संयोजक भोगेन्द्र यादवले विभिन्न कुलतबाट युवा र विद्यार्थीलाई जोगाउन ज्ञानगुणका पुस्तक अध्यन जरुरी रहेको भन्दै यसका लागी यस्ता पुस्तक प्रदर्शनी फलदायी हुने बताए ।

शिक्षा समितीका सदस्य एंव साहित्यकार देवेन्द्र मिश्रले डिजिटल युगमा पुस्तक पढ्नेबानी हराउँदै गएका बेला राजविराज नगरपालिकाले गरेको प्रयास सराहनिय रहेको बताए ।

कार्यक्रममा साहित्यीक संस्था साझा प्रकाशनका प्रमुख मनोज कुमार माझी, पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष सुधा देव, वडाअध्यक्ष सुभाष चन्द्र यादव, समाजिक अभियन्ता सुरेश मुखिया लगायतले नगरपालिकाले पठन संस्कृतिको विकासका लागी गरेको प्रयासको प्रशंसा गरेका थिए ।

## क्षेत्र नं. १ मा एकको उम्मेदवारी रद्द, २१ जनाको कायम

**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

सप्तरीमा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका मध्ये एक जना उम्मेदवारी रद्द गरिएको छ ।

जिल्लाको क्षेत्र नं. १ बाट नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट उम्मेदवारी दिएका सागर कुमार चौधरीको उम्मेदवारी रद्द गरिएको हो । उक्त पार्टीबाट सागर संगै रविन्द्र चौधरी समेत दुई जनाले उम्मेदवारी दिएका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*

**साधारण सभाको मिति पुनःसरेको सूचना**

यस संस्थाको २३ औं बार्षिक साधारणसभा मिति २०८२/१०/१० गते हुने भनिएकोमा विशेष कारणवस २०८२/१०/२४ गते शनिबार बिहान ११:०० बजे संस्थाको कार्यालय भवन माथी हुने भएकोले सम्पुर्ण शेयर सदस्यहरुलाई जानकारीको लागि हार्दिक अनुरोध छ ।

**तपसिल**
**मिति :** २०८२ माघ २४ गते शनिवार
**समय :** बिहान ११ बजे
**स्थान :** संस्थाको कार्यालय, राजविराज

**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, गजेन्द्र चौक, राजविराज, सप्तरी,**
**सम्पर्क नं. ०३१-५३३०९६**

**बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं ।**

- वाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं ।
- अनुमति लिंदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं ।
- होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं ।
- शहर तथा घना वस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं ।
- अनुमति दिंदानै तोकिएको शुल्क प्राप्त गरौं ।
- वाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं ।
- वाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रुपमा विकास गरौं ।
- वाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरुप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं ।

स्थानीय तहको आम्दानी बृद्दि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सौहार्दपूर्ण वातावरण आवश्यक

उम्मेदवारी दर्ता भएसँगै प्रतिनिधिसभा सदस्य निर्वाचनको माहौल तातेको छ। उम्मेदवारहरुले उम्मेदवारी दर्ता गराएसँगै जनताको घर घरमा पुग्ने क्रम बढेको छ। मतदातालाई आफ्नो पक्षमा पार्न विभिन्न भावी कार्ययोजनासहित घरदैलो कार्यक्रममा व्यस्त छन्। हुन पनि हो उम्मेदवारहरु निर्वाचनकै बेला यस्ता वाचा, प्रतिबद्धता गर्ने गर्छन्। निर्वाचनपछी कतिपयले यसलाई बिर्सन्छन् त कतिपयले निर्वाचित भएपछी पूरा गर्न लागिपर्छन्। सप्तरीको परिपेक्षमा पनि यस्ता विषयबस्तु हेर्न सकिन्छ।

यो निर्वाचन विगतको भन्दा फरक रहेको छ। प्रत्येक पाँच वर्ष हुने प्रतिनिधिसभा निर्वाचन अहिले समय अगावै हुन गइरहेको छ। जेनजी आन्दोलनका कारण निर्वाचन समय अगाडी नै हुनगइरहेको छ। मुलुकमा भ्रष्टाचार बढ्दै गएको, सुशासन नभएको, पारदर्शिता कायम नभएको भन्दै गत भदौं २४ गते भएको जेनजी आन्दोलनका कारण सरकार नै ढल्न पुगेको थियो। त्यसपछी बनेको अन्तरिम सरकारले फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनको मिति तय गरेको थियो। सोही अनुरुप अहिले निर्वाचन हुनगइरहेको छ। यसपटकको निर्वाचनमा अधिकांश यूवा तथा नयाँ अनुहारहरु प्रतिष्पर्धा गर्ने मौका पाएका छन्। उनीहरु मुलुकलाई नयाँ ढंगले लैजाने प्रतिबद्धताका साथ अगाडी बढेका छन्।

त्यसैले पनि यस पटकको निर्वाचनमा केही फरक देखिएको छ। जुन ऐजेन्डा लिएर सबै पार्टीका युवा पीढि अगाडी बढेका छन् त्यसले कतिको सफलता पाउने भन्ने विषय निर्वाचन परिणामले देखाउने नै छ। तसर्थ निर्वाचन सौहार्दपूर्ण ढंगले सम्पन्न गराउने तर्फ सरकार अगाडी बढ्नु पर्ने आवश्यकता छ भने सबै राजनीतिक दल तथा आमनागरिक पनि त्यसलाई सहयोग गर्नु पर्ने उत्तिकै जरुरी छ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# आमाहरुको निर्वाचन प्रहरी बन्ने रहर

**हिमाल लम्साल/रासस**

पर्सा, ८ माघ (रासस)।

पर्साको विन्दवासिनी गाउँपालिका- १ स्थायी घर भएकी शिशकुमारीदेवी विनिन् तेस्रो पटक निर्वाचन प्रहरी बन्ने अभिलासासहित वीरगञ्जको नारायणी रङ्गशालामा शारीरिक अभ्यासको लागि जुटिरहनुभएको छ। उमेरले ५३ वसन्त पार गरेकी तीन सन्तानकी आमा रहनुभएकी उहाँ रहरले भन्दा पनि परिवारको आर्थिक अवस्थाको कारणले निर्वाचन प्रहरीमा होमिनु परेको सुनाउनुहुन्छ।"यो उमेरमा रहरले त के हुन्थ्यो र ! परिवारको बिहान-साँझको गर्जो टार्नकै लागि भए पनि निर्वाचन प्रहरीमा आएकी हुँ," उहाँले भन्नुभयो,"यसअघिका दुई पटकको चुनावमा म्यादी प्रहरीको अनुभ भइसकेकाले पनि यो पटक पनि छनोट हुने आशा लिएकी छु।"

तीन सन्तानमध्ये एक छोरा नौ कक्षा र अर्को छोरी पाँच कक्षामा अध्ययनरत रहेका छन्। अर्का छोरा भने सवारीदुर्घटनामा परेर ढाड नचल्ने समस्याबाट गुज्रिरहेका छन्। उहाँको पति भने खेती किसानी गर्दै आइरहनुभएको छ। घाइते छोराको उपचारार्थ केही रकम जोहो गर्नकै लागि भए पनि निर्वाचन प्रहरी बन्न लागेको उहाँ बताउनुहुन्छ। "अघिल्ला दुई निर्वाचनमा त छनोट भएकी थिएँ। यसपालि के हुने हो हेरौँ" उहाँले भन्नुभयो,"आफू निर्वाचन प्रहरीमा छनोट भएको खण्डमा निर्वाचनलाई राम्रोसँग अघि बढाउने रहर छ।" अहिले पर्सा जिल्लामा निर्वाचन प्रहरी बन्ने दौडमा विनिन मात्रै नभएर ३२ वर्षे दुई सन्तानकी आमा तेतरीदेवी चमार पनि कसरत गरिरहनुभएको छ। स्थायी घर पर्साको पोखरिया नगरपालिका घर भएकी उहाँको जसरी पनि निर्वाचन प्रहरी बन्ने सपना देखेर आएको बताउनुभयो। "निर्वाचन प्रहरी भएर खटिँदा देशको सेवा पनि हुने केही रकम आम्दानी पनि हुने देखेर आएकी हुँ," उहाँले भन्नुभयो,"निर्वाचन प्रहरी बनेर छोराछोरीको पढाइखर्च जुटाउन केही सहज होला कि भनेर आएकी हुँ।"

वीरगञ्जको नारायणी रङ्गशालाको मैदानमा विनिन र तेतरीदेवी मात्रै नभएर पर्साको बहुदरमाई नगरपालिका-९ मा बसोबास गर्ने दुई छोराकी आमा चन्द्रमादेवी पनि निर्वाचन प्रहरी बन्ने सपना बोकेर वीरगञ्जको नारायणी रङ्गशालामा उत्रिनुभएको छ। "आर्थिक अवस्था कमजोर भएकाले नै नर्सरीमा पढ्ने छोरालाई छाडेर निर्वाचन प्रहरी बन्ने दौडमा लागेकी छु," उहाँले भन्नुभयो,"निर्वाचन प्रहरी भएर देशको सेवाको साथसाथै केही अर्थोपार्जन पनि हुने भएकाले आएकी हुँ।" उहाँले आफ्नो एउटा छोरो कक्षा आठ र अर्को छोरो नर्सरीमा अध्ययनरत रहेको बताउनुभयो। उहाँको पति भने फोहरमैला व्यवस्थापनसम्बन्धी काम गर्दै आउनु भएको छ। अन्य विभिन्न उमेर समूहका पुरुष तथा महिला निर्वाचन प्रहरी बन्ने सपना बोकेर वीरगञ्जको नारायणी रङ्गशालामा शारीरिक अभ्यासमा सहभागी भएका छन्। तिनैमध्ये १९ वर्षे युवती कुशुकुमारी पनि निर्वाचन प्रहरी बन्न कसरत गरिहनुभएको छ। "फागुन २१ गतेदेखि हुने चुनावलाई सफल गराउन र केही रकम भए पनि कमाउनको लागि निर्वाचन प्रहरी बन्न आएकी हुँ" उहाँले भन्नुभयो, "हामी जस्तै जेनजी उमेर समूहका साथीहरुले आन्दोलन सहादत प्राप्त गर्नुभयो, हामी भने निर्वाचन सफल गराउन र तिनै सहिदहरुको चाहना पुरा गराउन सहभागी भएका हौँ।" पर्साको बहुदरमाई नगरपालिका-७ विश्रामपुरका २४ वर्षे युवा अमृत महतो पनि निर्वाचन प्रहरी बन्ने अभिलासा बोकेर शारीरिक छनोटमा जुट्नुभएको छ।

"म यसअघि वनरक्षक, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा जवान बन्नका लागि दुई-तीन पटक प्रतिस्पर्धा गरिसकेँ तर अहिलेसम्म सफलता हात पार्न सकेको छैन," उहाँले भन्नुभयो। "एकपटक निर्वाचन प्रहरी बनेर देशको सेवा पनि गरौँ भन्ने चाहनाले आएको महतोले बताउनुभयो। निर्वाचन प्रहरीको अनुभवले प्रहरी जवान बन्नका लागि पनि केही सहयोग होला कि भन्ने उहाँको बुझाइ रहेको छ। निर्वाचन प्रहरी बन्ने रहर बोकेका महतोले आफू निर्वाचन प्रहरी बनेर स्वच्छ र पारदर्शी निर्वाचन गराउन प्रयत्न गर्ने बताउनुभयो। "अहिले जेनजीको सरकार रहेको छ। पक्कै पनि भयरहित र शान्तिपूर्ण निर्वाचन गराओस् भनेर नै यसमा सहभागी बनेको हुँ", उहाँले भननुभयो।

पर्साको छिमेकी जिल्ला बाराको परवानीपुर गाउँपालिकाका राजपुरका १८ वर्षे विदेशप्रसाद यादव पनि केही काम नभएको बेला समयको सदुपयोग गर्न भन्दै निर्वाचन प्रहरी बन्न लागेको बताउनुहुन्छ। "त्यसै घरमा बस्नुभन्दा केही अनुभव पनि हासिल गर्न पाइन्छ कि भनेर निर्वाचन प्रहरीमा सहभागी भएको हुँ," उहाँले भन्नुभयो, "देशको सेवा पनि हुने र पैसा पनि कमाइने भएकाले पनि यसमा लागेको हुँ।"

सरकारले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि आवश्यक सुरक्षा प्रबन्धको लागि निर्वाचन प्रहरी आवश्यक परेको भन्दै आवेदन खुलाएसँगै निर्वाचन प्रहरी बन्नेहरुको घुइँचो लागेको हो। पर्सामा निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति समिति पर्साले यहाँ जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरी दुबैतर्फ गरेर दुई हजार आठ सय ५२ जना आवेदन माग गरेको थियो। नेपाल प्रहरीतर्फ भने पाँच हजार तीन सय ९९ जनाको आवेदन परेको छ भने सशस्त्र प्रहरीतर्फ तीन सय ८५ जनाको आवेदन माग भएकोमा पाँच सय ७१ जनाको आवेदन परेको छ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति उपसमिति पर्साका संयोजक सुमनकुमार कार्कीले निर्वाचन प्रहरीमा विभिन्न उमेर समूहका महिला तथा पुरुषमा उत्साहजनक सहभागिता देखिएको बताउनुभयो। "सबै उमेर समूहका महिला तथा पुरुष निर्वाचन प्रहरी बन्नको लागि उपस्थित हुनुहुन्छ। कतिपय सन्तान जन्माइसकेका महिलाहरु पनि सरिक हुनुभएको छ। यसले छोटो अवधिको लागि भए पनि रोजगारीको अवसर सिर्जना गर्ने भएकाले पनि सहभागिता जनाएका हुनसक्छ।" संयोजक कार्कीले चुलोचौकामा सीमित हुने भनिएका मधेसी समुदायका महिला पनि अवसर पाउँदा आफ्नो जिम्मेवारी निभाउन सफल हुन्छन् भन्ने गतिलो उदाहरण बन्न सकेको बताउनुभयो। "यसले यहाँका महिला अवसर पाएको खण्डमा जस्तोसुकै जिम्मेवारी पनि पूरा गर्न सक्षम हुनुहुन्छ भन्ने देखाएको छ," उहाँले भन्नुभयो, "निर्वाचन प्रहरी छनोट प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउनको लागिपरिरहेका छौँ।"

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, पर्साका चारवटै सुरक्षा निकायका प्रमुखहरुले पनि निर्वाचन प्रहरीलाई पारदर्शी बनाउनको लागि नियमित अनुगमन तथा निरीक्षण गर्दै आइरहनुभएको छ। पर्साका प्रहरी प्रवक्ता हरिबहादुर बस्नेतले निर्वाचन प्रहरीमा महिला र पुरुषको सहभागिता उत्साहजनक रहेको बताउनुभयो। "यहाँबाट निर्वाचन प्रहरीमा आवेदन दिनेको सङ्ख्या दोब्बरभन्दा धेरै छ," उहाँले भन्नुभयो,"एकातर्फ निर्वाचनमा सेवा गर्न चाहने युवा पुस्ताको आकर्षण बढिरहेको छ। अर्कातर्फ ४० दिनमा आम्दानी पनि राम्रो हुने देखेर होला जस्तो लाग्छ।" पर्सा प्रहरीका अनुसार निर्वाचन प्रहरीमा पहिलोपटक आवेदन दिने पुरुषको सङ्ख्या तीन हजार एक सय ४७ जना रहेका छन्। नयाँ आवेदन दिने महिलाको सङ्ख्या भने छ सय तीन जना रहेका छन्। निर्वाचन प्रहरीमा विगतमा म्यादी प्रहरीको रुपमा खटिएका छ सय ८७ जना पुरुष र विगतको म्यादी प्रहरीको रुपमा खटिएका एक सय ५३ जना महिलाको आवेदन परेको छ। त्यस्तैगरी पूर्व सुरक्षाकर्मीको तर्फबाट भने १२ जना पुरुष रहेका छन् भने विदेशी सैनिकबाट अवकाश प्राप्त गरेका एक जना रहेका छन्। सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी मोहन निरौलाले निर्वाचन प्रहरीमा युवादेखि अन्य उमेर समूहको आकर्षण रहेको बताउनुभयो।

**मालपोत कार्यालय कंचनपुर,सप्तरीबाट जारी भएको छुट जग्गा दर्ता सहित नामसारी सम्बन्धमा**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

मितिः-२०८२।१०।०७

जि. सप्तरी कंचनपुर गाविस वार्ड नं.-६ हाल परिवर्तित ठेगना कञ्चनरुप न.पा. वडा नं. ८ बस्ने अजय कुमार रौनियारले मेरो बुवा नारायण साहुको नाममा फिल्डबुक दर्ता कायम रहेको तपसिलको जग्गा रहेकोमा निज जग्गाधनी नारायण साहु भन्ने नारायण प्रसाद रौनियारको मितिः-२०६५।०८।२० मा मृत्यु भएको र निज मृतकको हक अंश खाने/जाने निजको एकमात्र पत्नी हुलासी देवी रौनियारको पनि मितिः- २०७५।०७।१५ मा मृत्यु भएको तथा निज मृतक पति-पत्नीबाट तीन छोराहरु क्रमशः कृष्ण प्रसाद रौनियार------१, अरुण कुमार रौनियार------१ र अजय कुमार रौनियार------१ रहेकोमा जेठो र माईला छोरा क्रमशः कृष्ण प्रसाद रौनियार र अरुण कुमार रौनियार २०/२५ वर्ष देखि वैदेशिक रोजगारीको सिलसिलामा गएको र हालसम्म पनि खोजखबर तथा सम्पर्क विहीन भएको र निजहरुको हकअंश खाने पत्नी र छोराछोरीहरु समेत नभएको हुँदा तल उल्लेखित जग्गाको हकअंश खाने मृतक ज.ध.को एकमात्र छोरा म निवेदक रहेको हुँदा म निवेदकको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाऊँ भन्ने व्यहोरा खुलाई द.नं. ७५२३ मितिः-२०८१।०३।०६ मा यस कार्यालयमा निवेदन दिएको हुँदा निज निवेदकको माग दावी बमोजिम निजको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण-पूर्जा दिन नमिल्ने वा सो जग्गा सरकारी, सार्वजनिक, पर्ति, ऐलानी, गुठी लगायत अन्य सँध-सँधियारहरुको जग्गा घुसी-घुसाई वा जग्गा मिचि नाप-जाँच भएको भए वा कोही कसैले तपसिलका जग्गाको हकमा दर्ता नामसारीको प्रकृयामा यो सूचना गर्नु पूर्व मिसिल भिडाई दर्ता प्रकृयामा रहे/भएको भए वा कुनै पनि अड्डा अदालतमा विचराधीन अवस्थामा रहे/भएको भए वा कसैको जग्गामा हकभोगको स्वामित्वमा असर पर्न जाने भए यो हकदावी सम्बन्धी ३५ दिने सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजुर/दावी गर्न आउनुहोला, तोकिएको म्याद भित्र कोही कसैको उजूर/दावी पर्न नआए निवेदकको माग दावीलाई कानून बमोजिम स्वीकार गरी छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कोही कसैको उजूर दावी नलाग्ने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा अवगत गराइन्छ।

तपसिल

| मृतक ज.ध. | ज.ध.को बुवाको नाम | ज.ध.को हजुरबुवाको नाम | जिल्ला | गाविस | वार्ड नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलमा उल्लेख भएको |
|---|---|---|---|---|---|---|---|---|
| नारायण साहु भन्ने नारायण प्रसाद रौनियार | भजुली साहु रौनियार | कालीचरण रौनियार | सप्तरी | ओदाहा | ५क | ३ | ०-५-१० | यो जग्गा कंचनपुर वार्ड नं.१ बस्ने नारायण साहुको नम्बरी हो। |

मालपोत अधिकृत

# प्रत्यक्ष निर्वाचनमा होमिएका महिला उम्मेदवार भन्छन् : अब हामी देश सम्हाल्छौँ

**मधु शाही**
काठमाडौँ, ८ माघ (रासस)।

मङ्गलबार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयन दर्ता गरिसकेपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का कुन्ती पोखरेलले भन्नुभयो, "म छोरी हुँ। घर समाजसँगै आवश्यकता परे देश पनि सम्हाल्न सक्छु।" उहाँले देशलाई फरक विचार आवश्यकता रहेकाले समाज रूपान्तरणका लागि राजनीतिमा होमिएको बताउनुभयो। कुन्ती अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा पनि प्रतिस्पर्धामा हुनुहुन्थ्यो। त्यतिबेला उहाँ पराजित हुनुभयो।

त्यो अनुभवबाट धेरै सिकेको उहाँ बताउनुहुन्छ। काठमाठौँ, क्षेत्र नं-२ बाट उम्मेदवारी दिनुभएका उहाँले भन्नुभयो, "हामी महिला, सधैँ पहिला।" महिला र पहिलाकै अवधारणाका साथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट अस्मिता थापाले पनि ओखलढुङ्गाबाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ मनोनयन दर्ता गराउनुभएको छ। उहाँ २०७९ मा स्थानीय तह निर्वाचनमा ओखलढुङ्गाको लिखु गाउँपालिकाको उपाध्यक्षमा सबैभन्दा कम उमेरको जनप्रतिनिधिका रुपमा निर्वाचित हुनुभएको थियो।

हाल उमेरले २९ वर्षीया थापाले युवा पुस्ताको आवाज र पाका पुस्ताको सम्मान गर्दै विकास निर्माणमा जोड दिने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "युवा पुस्ता र पाका पुस्ताको समिश्रणले नयाँ रूपान्तरण सम्भव छ।" राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाट रञ्जु दर्शना काठमाडौँ, १ बाट उम्मेदवारी दिनुभएको छ। दर्शनाले समानुपातिकतर्फको बन्दसूचीबाट नाम फिर्ता लिएर प्रत्यक्षमा उम्मेदवारी दिनुभएको हो। विसं २०६७/६८ देखि विवेकशील नेपाली दलबाट दर्शनाको राजनीतिक यात्रा सुरु भएको थियो।

विसं २०७४ को स्थानीय निर्वाचनमा काठमाडौँ महानगरको प्रमुख पदमा प्रतिस्पर्धा गर्दा उहाँको निकै चर्चा भएको थियो। दर्शनाले राजनीतिलाई आफूले सके सफा गर्ने नसके फोहर नगर्ने भनेर प्रवेश गरेको बताउनुभयो। मुलुक बनाउन नयाँ धारसहित युवा र नवीन सोच विचारको आवश्यकता रहेको उहाँको भनाइ छ। गर्भवती अवस्थामा रहनुभएकी दर्शना देशको भविष्य सुनिश्चित गर्न असल राजनीतिक चरित्र आवश्यक रहने धारणा राख्नुहुन्छ।

नेपाली कांग्रेसबाट झापाको निर्वाचन क्षेत्र नं २ मा उम्मेदवारी दर्ता गर्नुभएकी सरिता प्रसाइँले राजनीतिमा महिलाको मुद्दा मात्रै नभइ समग्र मुद्दालाई उठान गर्न सक्नुपर्ने बताउनुहुन्छ। नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दलहुँदै कांग्रेसको राजनीतिमा प्रवेश गर्नुभएकी उहाँ संविधानसभामा सभासददेखि राष्ट्रियसभामा मुख्य सचेतकसम्मको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ।

नेपाली कम्युनिष्ट पार्टी(नेकपा)बाट मेनुका भण्डारी (कृतु) ले काठमाडौँ, क्षेत्र नं १ मा मनोनयन दर्ता गराउनुभएको छ। चुनाव जित्ने सम्भावनाबारे उहाँले आफ्नै ठाउँका छोरी र बुहारीलाई अघि बढाउने जिम्मेवारी जनताकै हातमा रहेको प्रतिक्रिया दिनुभयो।

**महिला उम्मेदवार जिताउन किन जरुरी ?**

उम्मेदवारी दिएका अधिकाश महिलाले महिला र पुरुष उम्मेदवारमा के फरक ? भन्ने प्रश्नको सामना गर्नुपरेको बताउँछन्। अधिकारकर्मी सरु जोशीसँग यसको जवाफ सरल र बहुआयामिक तर्क छ। उहाँ लामो समयदेखि नेतृत्व तहमा महिलालाई पुर्‍याउनुपर्छ भन्ने अभियानमा सक्रिय हुनुहुन्छ। उहाँले विभिन्न अध्ययनहरुबाट महिला नेतृत्व हुन सकेमा भ्रष्टाचार शून्य, स्थायी सुशासन, राज्य व्यवस्थापनमा कुशलता, शान्तिपूर्ण वातावरणमा काम गर्नसक्ने क्षमता, धैर्यता र आत्मविश्वासलगायतका गुण देखिने पुष्टी भइसकेको बताउनुभयो।

"घरदेखि परसम्मै व्यवस्थापन गर्न सक्षम महिलाको अभ्यासले राज्य सम्हाल्न सक्ने क्षमता नहुने कुरै भएन", उहाँ भन्नुहुन्छ, "महिला सक्षम छन्, एक पटक अवसर दिएर हेर्नुपर्छ।" आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तीन हजार ४८६ उम्मेदवारी दर्ता भएकामा तीन हजार ८९ पुरुष र ३९६ महिला र अन्यमा एक जनाले दर्ता गरेका छन्। यस अघिका २०७९ मङ्सिर ४ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वतन्त्र र राजनीतिक पार्टीसहित जम्मा २३५ जनाले निर्वाचनमा उम्मेदवारी दर्ता गराएका थिए। जसमा सबैभन्दा बढी ५८ जनाले स्वतन्त्र रूपमा उम्मेदवारी दिएका थिए। विगतको तुलनामा यो पटक महिला उम्मेदवार तुलनात्मक रूपमा बढ्दो छ।

# लिट्मसद्वारा इलेक्ट्रीशियनहरूका लागि सीप सुधार कार्यक्रमको सुरुवात




**दैनिक समाचारदाता**
**काठमाडौं, ८ माघ।**

लिट्मस इन्डस्ट्रिज लिमिटेडले इलेक्ट्रीशियनहरूका लागि सीप सुधार कार्यक्रम शुरुवात गरेको छ।

शिक्षा, दक्षता र सुरक्षा भन्ने कम्पनीको नारामा आधारित विशेष सीपमुलक कार्यक्रम सुरुमा काठमाडौँमा गर्न लागिएको र निकट भविष्यमै देशव्यापी विस्तार गर्ने योजना रहेको छ।

सीप सुधार कार्यक्रम लिट्मसका उत्पादन प्रयोग गर्ने इलेक्ट्रीशियनहरूका लागि विशेष रूपमा तयार गरिएको जसले कम्पनीले आफ्ना ग्राहकप्रति राखेको जिम्मेवारी र योगदानको प्रतिबिम्ब देखाउँने जनाइएको छ। यस पहलमार्फत लिट्मसले प्राविधिक सीपलाई थप सुदृढ बनाउँदै देशभर सुरक्षित इलेक्ट्रिक अभ्यासलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

बीस दिने तालिम कार्यक्रमले सैद्धान्तिक र व्यवहारिक दुवै पक्षमा ध्यान केन्द्रित गर्नेछ। यसमा औद्योगिक इलेक्ट्रिक वायरिङ तथा स्थापना, मोटर कन्ट्रोल प्रणाली, अर्थिङ, लाइटनिङ प्रोटेक्सन, जेनेरेटर प्रणाली तथा अन्य आवश्यक ह्यान्ड्स-अन सीपहरू समावेश छन्।

इलेक्ट्रीशियनहरूको दक्षता बढाएर सुरक्षित वायरिङ र गुणस्तरीय विद्युत सुनिश्चित गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। तालिमसँग आबद्ध बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीसँगको सहकार्यमा सञ्चालन भइरहेको छ। जसले संरचित, उद्योग-सम्बन्धित र मापदण्ड युक्त प्राविधिक शिक्षा सुनिश्चित गर्नेछ।

कार्यक्रमको औपचारिक शुरुवात लिट्मस इन्डस्ट्रिज लिमिटेडकी निर्देशक साक्षी गुप्ता र बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्रिन्सिपल सुशीलकुमार श्रेष्ठबीच भएको

***बाँकी अन्तिम पृष्ठमा***

भूमि व्यवस्था, [illegible] मन्त्रालय
भूमि [illegible] विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजबिराज

मिति :-२०८२/१०/०६

**विषय:- ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना।**

यस मा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं २२ अनुपी हजामनीको नाममा कायम रहेका साबिक प्रगन्ना पकरी मौजे हनुमाननगर सा.कि.नं. ४११ को ज.वि. ०-३-१५, ऐऐ सा.कि.नं. ४१२ को ज.वि. ०-२-११, ऐऐ सा.कि.नं. ४१३ को ज.वि. ०-३-६, ऐऐ सा.कि.नं. ४१४ को ज.वि. ०-४-११, रैती नं. १० अजब ठाकुरको नाममा कायम रहेका साबिक प्रगन्ना पकरी मौजे हनुमाननगर सा.कि.नं. ४०९ को ज.वि. ०-१-८ कायम भएको जग्गा २०२८ सालमा [illegible] बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी सा.वि.स. हनुमाननगर वार्ड नं.१ हाल हनुमाननगर कंकालिनी न.पा. वडा नं. ७ बस्ने अनुपी हजामनीको नाति अजब ठाकुरको छोरा मोती लाल ठाकुर हजामको यस कार्यालयमा द.नं. ११६३४ मिति २०८१/१२/११ गतेमा [illegible] निवेदन परी हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८२/०९/२९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, ढगर, बाटो, ऐलानी, चौर, गौचर, श्मशानघाट, पैनी, पोखरी, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदाबी उजुरी पर्न नआएमा निवेदकहरुको नाम [illegible] छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारबाही गरिनेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको स्रेस्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४११,४१२,४१३,४१४ | अनुपी हजामनी | हनुमान नगर | ४ | ३८ [illegible] | ०-१३-० [illegible] | मोती लाल ठाकुर हजाम | [illegible] |
| ४०९ | | | ४ | ४० | ०-१-२ | | [illegible] |

## विश्व समाचार

### कराची मल आगलागीमा मृतक संख्या ५५ पुग्यो

कराची, ८ माघ (रासस/एएफपी)।

पाकिस्तानको सबैभन्दा ठूलो सहर कराचीस्थित एक मलमा भएको भीषण आगलागीमा ज्यान गुमाउनेको सङ्ख्या कम्तीमा ५५ पुगेको कराचीका एक सरकारी अधिकारीले बिहीबार बताएका छन्। कराचीको दक्षिणी जिल्लाका उपायुक्त जावेद नबी खोसोले भन्नुभयो, "शनिबार राति आगलागी भएपछि हालसम्म कुल ५५ जनाको शव उद्धार गरिएको छ।" उहाँका अनुसार उद्धार कार्य अझै जारी छ र भग्नावशेषभित्र मानव अवशेष खोज्ने प्रयास भइरहेको छ। तीन तले गुल प्लाजामा भएको उक्त आगलागीपछि अझै केही व्यक्ति बेपत्ता रहेको आशङ्कामा आफन्तहरूले उद्धार कार्य ढिलो भएको भन्दै आलोचना गरेका छन्। घटनास्थलमा उद्धारकर्ताहरूले निरन्तर खोजी गरिरहे पनि धेरै परिवार अझै आफ्ना प्रियजनको अवस्थाबारे अनिश्चिततामा रहेका छन्। प्रान्तीय स्वास्थ्य अधिकारी डा सुमैया सैयदले बुधबार पत्रकारहरूसँग कुरा गर्दै ५० भन्दा बढी परिवारले डिएनए नमूना उपलब्ध गराइसकेको जानकारी दिनुभयो। उहाँले सिभिल अस्पताल कराचीको शवगृह बाहिर भन्नुभयो, "डिएनए नमूनाहरू मिलान भएपछि मात्र हामी शव वा अवशेष सम्बन्धित परिवारलाई सम्मानपूर्वक हस्तान्तरण गर्नेछौँ।" कराचीका बजार र कारखानाहरूमा कमजोर पूर्वाधारका कारण आगलागीका घटना बेला-बेला हुने गरेको पाइन्छ। तर अधिकारीहरूका अनुसार यसपटकको आगलागीको परिमाण र मानवीय क्षति असाधारण र दुर्लभ रहेको छ। यस घटनाबारे छानबिन गर्न सरकारी समितिले अनुसन्धान सुरु गरिसकेको छ। तर आगलागी कसरी र किन भयो भन्ने विषयमा हालसम्म स्पष्ट कारण पत्ता लाग्न सकेको छैन।

### हसिनाको निष्कासनपछि बङ्गलादेश चुनावी प्रचारमा प्रवेश

ढाका, ८ माघ (रासस/एपी)।

लामो समयसम्म प्रधानमन्त्री रहनुभएकी शेख हसिनालाई अपदस्थ गरेको सन् २०२४ को विद्रोहपछि बङ्गलादेशको पहिलो राष्ट्रिय चुनावका लागि बिहीबारदेखि औपचारिक प्रचार अभियान सुरु भएको छ। हसिनाको निष्कासनपछि र नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारअन्तर्गत पहिलोपटक हुन लागेको फेब्रुअरी १२ मा हुने यो निर्वाचनलाई बङ्गलादेशको इतिहासमै अत्यन्त महत्त्वपूर्ण मानिएको छ। राजधानी ढाका तथा देशका अन्य भागमा प्रमुख राजनीतिक दलहरूले ऱ्याली र सभामार्फत प्रचार थालेका छन्। यस चुनावमा मतदाताले प्रस्तावित राजनीतिक सुधारसम्बन्धी राष्ट्रिय चार्टरबारे पनि निर्णय गर्नेछन्। अन्तरिम सरकारले स्वतन्त्र र निष्पक्ष चुनाव गराउने वाचा गरेको छ। तर हसिनाको पूर्व सत्तारूढ अवामी लिगलाई प्रतिबन्ध लगाएपछि सरकारको निष्पक्षतामाथि प्रश्न उठेका छन्। अवामी लिग र बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले परम्परागत रूपमा देशको राजनीतिमा प्रभुत्व जमाउँदै आएका थिए। साथै, देशको कानून-व्यवस्थाको अवस्थाबारे पनि चिन्ता व्यक्त गरिएको छ, यद्यपि सरकारले शान्तिपूर्ण मतदान हुने आश्वासन दिएको छ।

सयौँ प्रदर्शनकारीको ज्यान गएको हिंसात्मक दमनपछि शेख हसिना अगस्ट ५, २०२४ मा मुलुक छाडेर भारत पलायन हुनुभएको थियो। त्यसको तीन दिनपछि युनुसले अन्तरिम सरकारको नेतृत्व सम्हाल्नुभएको हो। अवामी लिग चुनाव प्रक्रियाबाट बाहिरिएपछि इस्लामवादी दल जमात-ए-इस्लामीको नेतृत्वमा रहेको १० दलीय गठबन्धनले आफ्नो प्रभाव विस्तार गर्ने प्रयास गरिरहेको छ। यस गठबन्धनमा विद्रोहका विद्यार्थी नेताहरूले गठन गरेको नेसनल सिटिजन पार्टी (एनसिपी) पनि सामेल छ। जमात-ए-इस्लामीले भने धर्मनिरपेक्ष समूहहरूबाट आलोचना खेप्दै आएको छ, जसले यसको भूमिकाले बङ्गलादेशको धर्मनिरपेक्ष आधारलाई चुनौती दिने बताउँदै आएका छन्। बिएनपीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री खालिदा जियाका छोरा तारिक रहमानलाई प्रधानमन्त्री पदका प्रमुख दावेदारका रूपमा हेरिएको छ। उहाँ संयुक्त अधिराज्यमा १७ वर्ष निर्वासनमा बस्नुभएपछि गत महिना स्वदेश फर्कनुभएको हो र बिहीबार उत्तरपश्चिमी सहर सिल्हटबाट आफ्नो चुनावी अभियान सुरु गर्दै हुनुहुन्छ। यस निर्वाचनसँगै राष्ट्रिय चार्टरमा जनमतसङ्ग्रह पनि हुनेछ। अन्तरिम सरकारले यसलाई नयाँ राजनीतिक मार्गका रूपमा व्याख्या गरेको छ। सन् २०२४ को विद्रोहको नामबाट राखिएको यो चार्टर हाल बाध्यकारी छैन, तर समर्थकहरूले यसलाई संविधानको हिस्सा बनाउन जनमतसङ्ग्रह आवश्यक रहेको बताएका छन्। सरकारले यो चार्टरले शक्तिको सन्तुलन, कार्यकाल सीमा र भ्रष्टाचार नियन्त्रणजस्ता उपायमार्फत भविष्यका अधिनायकवादी शासनबाट जोगाउने दाबी गरेको छ।

### बेलायत अमेरिकी 'शान्ति बोर्ड'मा सामेल हुँदैन

लन्डन, ८ माघ (रासस/एएफपी)।

बेलायतले डाभोसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'बोर्ड अफ पिस' कार्यक्रममा भाग नलिने निर्णय गरेको छ। विदेशमन्त्री यभेट कुपरले बिहीबार बेलायत आजको हस्ताक्षर समारोहमा उपस्थित नहुने जानकारी दिनुभयो। राष्ट्रपति ट्रम्पले अन्तर्राष्ट्रिय द्वन्द्व समाधानका लागि नयाँ निकायको स्थापना गर्दै त्यसको चार्टरमा हस्ताक्षर गर्न डाभोसमा समारोह आयोजना गर्नुहुनेछ, जहाँ स्थायी सदस्यताका लागि एक अर्ब डलरको मूल्य ट्याग राखिएको छ। "त्यहाँ धेरै काम बाँकी छ र हामी आज हस्ताक्षरकर्ताहरू मध्ये एक हुने छैनौँ। विशेष गरी रुसी राष्ट्रपति भ्लादिमिर पुटिन सहभागी हुने सम्भावना र युक्रेनमा उहाँले देखाएको व्यवहारका कारण बेलायतको चिन्ता छ", मन्त्री कुपरले बिबिसीसँगको अन्तर्वार्तामा भन्नुभयो, "यो कानूनी सन्धिले धेरै व्यापक विषय उठाउँछ र हामी पुटिनले युक्रेनमा शान्तिका लागि प्रतिबद्धता देखाएको कुनै सङ्केत पाएका छैनौँ।" हालसम्म अस्पष्ट रूपमा परिभाषित समूहमा सामेल हुन विभिन्न विश्व नेताहरूलाई निमन्त्रणा पठाइएको छ। सुरुमा गाजाको पुनर्निर्माण निरीक्षण गर्न उद्देश्य राखिएको भए पनि बोर्डको चार्टरले आफ्नो भूमिकालाई सीमित नगरेको देखिन्छ र यसले केही अमेरिकी सहयोगीहरूको आक्रोश पनि आकर्षित गरेको छ। बुधबार राष्ट्रपति ट्र□म्पले पुटिनले सहभागी हुन सहमति जनाउनुभएको बताउनुभएको थियो, यद्यपि क्रेमलिनले अहिलेसम्म निमन्त्रणाको अध्ययन गरिरहेको जनाएको छ।

# अमितको दोहोरो शतकले कंकालिनीको शानदार जित

**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट छनौट प्रतियोगिता अन्तर्गत बिहीबार सम्पन्न खेलमा कंकालिनी सप्तरीका ब्याटर अमित कुमार यादवले दोहोरो शतक प्रहार गर्दै जित दिलाएका छन् ।

लोहजरा सप्तरी विरुद्धको खेलमा ओपनिङ ब्याट्सम्यानका रूपमा मैदान उत्रिएका अमितले १ सय ७५ बलमा २ सय ७८ रनको ऐतिहासिक पारी खेलेका थिए । उनले ३८ चौका र १२ छक्का हानेका थिए ।

अमितको उत्कृष्ट ब्याटिङको मद्दतमा कंकालिनीले ४६ ओभर ६ बलमा अलआउट हुँदै ३ सय ९४ रनको विशाल योगफल खडा गरेको थियो । अन्य ब्याटरमध्ये महानन्द यादवले २५ रन र गोपाल मण्डलले १९ रनको योगदान दिए । लोहजराका बलरमध्ये रितिक यादवले ३, अभिषेक कार्कीले २ तथा अभिमन्यु सरदार र परमानन्द यादवले समान १-१ विकेट लिए ।

जवाफमा ब्याटिङ गरेको लोहजरा सप्तरी ३५ ओभर १ बलमा १ सय ८२ रनमै अलआउट भएका थिए । लोहजरातर्फ सचिन यादवले ४४, मोहम्मद साजिद अलीले ४१, अभिषेक कार्कीले ३१ र वसन्त यादवले १७ रन बनाए । बलिङतर्फ कंकालिनीका आदित्य कुमार साहले ४, सञ्जिव मण्डलले २ तथा मोहम्मद सोहिल र गोपाल मण्डलले समान १-१ विकेट लिए ।

राष्ट्रिय खेलकुद परिषदको वार्षिक कार्यक्रम अनुसार नेपाल क्रिकेट संघको आयोजनामा सञ्चालन भइरहेको प्रधानमन्त्री कप राष्ट्रिय प्रतियोगिता अन्तर्गत सप्तरी क्रिकेट संघद्वारा जिल्ला छनोट प्रतियोगिता सञ्चालन गरिएको हो । प्रतियोगिता एमसीसी फाउन्डेसन र सबल नेपालको सहकार्यमा भइरहेको सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादवले जानकारी दिए ।

यस छनोट प्रतियोगिताबाट चयन हुने जिल्ला सिनियर टिमले मधेश प्रदेश क्रिकेट प्रतियोगितामा सहभागिता जनाउने जनाइएको छ ।

# महोत्तरीमा दलभन्दा स्वतन्त्र उम्मेदवारको संख्या अधिक

महोत्तरी, ८ माघ (रासस) ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा जिल्लामा दलभन्दा स्वतन्त्र उम्मेदवारको सङ्ख्या अधिक रहेको छ ।

चार निर्वाचन क्षेत्र रहेको महोत्तरीमा आगामी फागुन २१ गते हुने निर्वाचनमा ८८ जनाको स्वतन्त्र उम्मेदवारी दर्ता भएको छ ।

जिल्लाका चार निर्वाचन क्षेत्रबाट दलगत उम्मेदवारी दिने ५५ जना मात्र छन् । क्षेत्र नम्बर १ मा १२, २ र ३ मा १५ एवं ४ मा १३ जना छन् ।

यसैगरी, स्वतन्त्र उम्मेदवारी दिने ८८ मध्ये सबैभन्दा बढी क्षेत्र नम्बर ३ मा २७ जना रहेका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । यसैगरी क्षेत्र नम्बर ४ मा २४, २ मा २२ र १ मा १५ जना स्वतन्त्र उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका छन् ।

जिल्लामा १९ जना महिलाले उम्मेदवारी दर्ता गराएका छन् । दलगतभन्दा स्वतन्त्र उम्मेदवारको सङ्ख्या बढी छ । जिल्लाका चारवटै क्षेत्रमा गरी उम्मेदवारी दर्ता गराउने १९ महिलामध्ये १० जना स्वतन्त्र उम्मेदवार रहेका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत भरतमणि पोखरेलले जानकारी दिनुभयो ।

निर्वाचन क्षेत्र-१ मा पाँच, २ मा पाँच, ३ मा २ र ४ मा सात गरी जम्मा १९ जना महिला उम्मेदवार छन् ।

# वीरगञ्ज हुँदै ४८ अर्ब १० करोडको निर्यात

पर्सा, ८ माघ (रासस) ।

वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको छ महिनामा रू ४८ अर्ब १० करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको छ ।

गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै ५२ प्रतिशत अर्थात रू १६ अर्ब ४३ करोड बढीको निर्यात भएको छ ।

गत आवको छ महिनाको अवधिमा भने रू ३१ अर्ब ६७ करोड मूल्य बराबरका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत आवको छ महिनाको तुलनामा चालु आवमा यहाँबाट हुने निर्यात ५२ प्रतिशतले बढेको बताउनुभयो ।

चालु आवको छ महिनामा रू २५ अर्ब ४२ करोड मूल्यको भटमासको तेल प्रशोधित निर्यात भएको छ । रू तीन अर्ब ४८ करोड मूल्य पर्ने फलफूलको जुस र तीन अर्ब ५५ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ ।

त्यस्तै रू दुई अर्ब २५ करोड मूल्यको प्रशोधित पाम तेल निर्यात भएको छ । त्यस्तै रू एक अर्ब ७८ करोड मूल्य पर्ने विभिन्न किसिमका कपडा निर्यात भएको छ ।

# प्रत्यक्षतर्फ दलित समुदायबाट न्यून उम्मेदवार

काठमाडौँ, ८ माघ (रासस) ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा दलित समुदायबाट अत्यन्त न्यून उम्मेदवार रहेका छन् । नेपाली कांग्रेसले बझाङबाट सहमहामन्त्री प्रकाश रसाइली स्नेहीलाई मात्रै उम्मेदवार बनाएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट डडेल्धुरामा चक्र स्नेहीलाई र बर्दिया-२ बाट बाट विमला विकलाई उम्मेदवार बनाएको छ । नेपाली कम्युनिष्ट पार्टीले स्याङ्जा-२ बाट पदम विश्वकर्मा र कञ्चनपुर-३ बाट मानबहादुर सुनारलाई मात्रै टिकट दिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बाँके-३ बाट खगेन्द्र सुनारलाई उम्मेदवार बनाएको छ ।

दलित आन्दोलनका अगुवा तथा पूर्वराजदूत पदम सुन्दासले मुख्य ठूला राजनीतिक दलहरूले नै दलित समुदायलाई भोट बैङ्क बनाएको तर अवसरबाट सधैँ वञ्चित गर्दै आएको टिप्पणी गर्नु भएको छ । उहाँ भन्नुहुन्छ, "पार्टीभित्र दलित नेताको योगदान अरू समुदायको जत्तिकै हुन्छ, तर निर्वाचनको समयमा उनीहरूले टिकट पाउँदैनन् । टिकट दिँदा नै एक प्रकारको विभेद हुँदै आएको छ, दलितको जनसङ्ख्यालाई हेर्ने हो भने पनि १३ प्रतिशत छ ।"

नेपाल दलित महिला उत्थान सङ्घ (एड्वान) का अध्यक्ष विन्दु परियारले परिवर्तनका लागि पटकपटक लडेको पुरानो प्रजातान्त्रिक दल कांग्रेस, मजदुर, गरिब, किसान, दलित, महिला, जनजाति, मधेसी आदिको अधिकारका लागि सङ्घर्ष गरिरहेको दाबी गर्ने नेपाली कम्युनिष्ट पार्टी र एमाले नै दलितप्रति अनुदार देखिएको टिप्पणी गर्नुभयो । यसरी दलित समुदायलाई प्रत्यक्षमा टिकट नदिनुले प्रतिनिधिसभामा दलित समुदायको प्रतिनिधित्व घट्ने देखिन्छ । संसद्मा ३३ प्रतिशत महिला अनिवार्य हुने संवैधानिक व्यवस्था जस्तै दलितको सवालमा पनि अनिवार्य व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ ।

विसं २०७९ को प्रतिनिधिसभामा १५ जना (५ दशमलव ८१ प्रतिशत) को प्रतिनिधित्व रहेको थियो । विसं २०६४ को संविधानसभामा ५० जना दलित (८ दशमलव ३२ प्रतिशत) को उपस्थिति थियो । २०७० सालको संविधानसभामा ४० जना (६ दशमलव ६५ प्रतिशत) र २०७४ सालमा प्रतिनिधिसभामा २० जना (७ दशमलव २७ प्रतिशत) रहेको थियो ।

यो सङ्ख्या हेर्ने हो भने संसद्मा दलितको प्रतिनिधित्व क्रमशः घट्दो क्रममा देखिन्छ । ५९ जनाको राष्ट्रियसभामा आठ जना मात्रै दलितको सहभागिता छ । संविधानको धारा, ४२ (१) अनुसार सामाजिक रूपले पछाडि परेकालाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने व्यवस्था हुनेछ भनिए पनि त्यसको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन ।

# सर्लाहीमा सात किलो गाँजासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, ८ माघ ।**

अवैध लागुऔषध गाँजासहित सर्लाही प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । बिहीबार मलङ्गवा नगरपालिका ७ स्थित गणेसिया चोकमा चेकजाँचका क्रममा सात किलो ८०० ग्राम गाँजासहित दुई जनालाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले पक्राउ पर्नेमा कौडेना गाउँपालिका १ का १९ वर्षीय निलेश मण्डल र चक्रघट्टा गाउँपालिका ३ का ३२ वर्षीय शेष मोफिज रहेका जानकारी दिए । उनका अनुसार नियमित चेकजाँचमा खटिएको प्रहरी टोलीले भारतीय नम्बरप्लेट भएको बिआर ०६ एबी २७२९ नम्बरको मोटरसाइकलमा सवार निजहरूलाई रोकेर सोधपुछ गरेको थियो ।

सोही क्रममा मण्डल र मोफिज सवार मोटरसाइकलमा सिट आकार बनाएर ल्याइएको अवैध गाँजा प्रहरीले बरामद गरेको हो । प्रहरीका अनुसार निज दुवैले रातो प्लास्टिकमा पोको पारेर गाँजालाई मोटरसाइकलको सिट तल लुकाएर ल्याएका थिए ।

प्रहरीले पक्राउ परेको मोटरसाइकल, चालक मण्डल र पछाडि सवार मोफिजलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको जनाएको छ । दुवै जनाविरुद्ध अवैध लागुऔषध मुद्दामा जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर अनुसन्धान सुरु गरिएको प्रवक्ता राईले बताए ।

## लिट्मसद्वारा ...

हस्ताक्षर समारोह मार्फत गरिएको हो ।

समारोहमा बोल्दै लिट्मस इन्डस्ट्रिज लिमिटेडकी निर्देशक गुप्ताले भनिन, "यो पहल तालिम मात्र नभएर समाज र ग्राहक प्रतिको हाम्रो जिम्मेवारी हो । लिट्मस सधैं आफ्ना ग्राहकसँग उभिएको छ र सधैं उभिरहनेछ, शिक्षा र सीप विकासको यो कार्यक्रममार्फत सुरक्षित वायरिङ अभ्यास र गुणस्तरीय विद्युत स्थापनालाई प्रवर्द्धन गर्नेछ । काठमाडौँबाट सुरु गरिएको यो तालिम देशभर विस्तार गर्न पाउँदा हामी गर्वान्वित छौं ।"

बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्रिन्सिपल श्रेष्ठले आफ्ना धारणा व्यक्त गर्दै भने, "लिट्मस इन्डस्ट्रिज लिमिटेड जस्तो प्रतिष्ठित कम्पनीसँग यो महत्वपूर्ण पहलमा सहकार्य गर्न पाउँदा हामी अत्यन्त खुसी छौं । यस कार्यक्रमले इलेक्ट्रीशियनहरूको सीप, व्यवसायिक दक्षता र सुरक्षा सचेतनामा वृद्धि गरी समाजमा सकारात्मक प्रभाव पार्ने छ ।"

लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालकै अग्रणी तार, केबल र कन्डक्टर निर्माता कम्पनी हो, जसले सुरक्षा, नवीनता र भरपर्दोपनमा निरन्तर उच्च मापदण्ड कायम गर्दै आएको छ । देशको पूर्वाधार विकासमा योगदान पुर्‍याउँदै, लिट्मसले अन्तर्राष्ट्रिय स्तरका विद्युत समाधानहरू प्रदान गर्दै समुदाय र उद्योगमा विश्वास र प्रगति फैलाउँदै आएको छ ।

## क्षेत्र नं. १ मा ...

नेपाली कम्युनिष्ट पार्टीका आधिकारिक उम्मेदवार रविन्द्र चौधरी नै भएको छानबिनबाट देखिदा सोही पार्टीबाट उम्मेदवारी दिएका अर्का उम्मेदवार सागर कुमार चौधरीको उम्मेदवारी रद्द गरिएको क्षेत्र नं. १ का निर्वाचन अधिकृत जानकी रमण यादवले जानकारी दिए ।

क्षेत्र नं. १ मा अब विभिन्न पार्टी र स्वतन्त्र गरी २१ जनाको उम्मेदवारी कायम रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय राजविराजले जनाएको छ ।

# प्रेस काउन्सिलमा छ महिनामा १६३ उजुरी

काठमाडौँ, ८ माघ (रासस) ।

चालु आर्थिक वर्षको छ महिनामा प्रेस काउन्सिल नेपालमा एक सय ६३ उजुरी दर्ता भएका छन् । काउन्सिलका अनुसार आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म १६३ वटा उजुरी दर्ता भएका छन् ।

दर्ता भएका उजुरीमध्ये पत्रकार आचारसंहिताको प्रक्रियाबमोजिम पत्राचार भएपश्चात् ७७ वटा खण्डन सम्प्रेषण भएका, ५२ वटा पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएको र १४ वटा क्षमायाचना/भूलसुधार भएको सहप्रवक्ता रामशरण बोहराले जानकारी दिनुभयो ।

यसैगरी पाँचवटाले सामग्री स्थगन गरेका, १० वटालाई स्पष्टीकरण सोधिएको, पाँच वटालाई निर्देशन एवं सचेत गराइएको छभने यस अवधिमा एक सञ्चारमाध्यमलाई अवज्ञाकारी/कालोसूचीमा राखी कारबाही गरिएको छ ।

यस्ते, यस अवधिमा ६३२ वटा मिडिया/वेबपोर्टल/सामाजिक सञ्जालका ७४४ सामग्री स्वअनुगमन भएका छन् । प्रवक्ता बोहराद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ, "जसमध्ये ४४७ वटा मिडिया र १९५ वटा गैरमिडिया रहेका छन्, आचारसंहिता उल्लङ्घनको गम्भीरताका आधारमा १३६ वटा मिडिया र २७ वटा गैरमिडियालाई निर्देशन एवं सचेत गराइएको छ । कुनै पनि सम्पर्क नभएका २० वटा गैरमिडियाका सम्बन्धमा अनुसन्धान गरी कारबाही गर्न सम्बन्धित निकायमा पत्राचार भएको छ ।"

काउन्सिलले पत्रकार तथा सञ्चारमाध्यमबाट पत्रकार आचारसंहिता पालना भए/नभएको विषयमा नियमित अनुगमन गरिरहेकामा निर्वाचन आचारसंहिता लागू भएको परिप्रेक्ष्यमा निर्वाचन आचारसंहिता पालना भए/नभएको विषयमा विशेष अनुगमन प्रक्रिया थालनी गरेको जनाएको छ ।

"निर्वाचनको समयमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले राजनीतिक दल तथा उम्मेदवारका बारेमा आधारहीन, अप्रमाणित तथ्यलाई लिएर विभिन्न टीकाटिप्पणी, आरोप-प्रत्यारोप, होच्याउने, मिथ्या सूचना, दुष्प्रचार, चरित्रहत्या हुने किसिमले सामग्री सम्प्रेषणका घटनाहरू हुनसक्ने र कुनै राजनीतिक दलका नेताहरूबाट अर्को राजनीतिक दल तथा दलका नेताहरूविरुद्ध द्वेषपूर्ण अभिव्यक्ति (हेट स्पिच) आउनसक्ने र त्यस्ता सामग्रीहरू सञ्चारमाध्यमलाई प्राप्त हुन सक्ने हुँदा त्यस्ता सामग्रीलाई स्थान नदिन र कसैको पक्ष वा विपक्ष हुने एवं राजनीतिक दल वा उम्मेदवारको चरित्रहत्या हुने सामग्री सम्प्रेषण हुन नदिनेतर्फ सञ्चारमाध्यम, पत्रकार, सञ्चारकर्मी सदैव सजग हुनुपर्छ", काउन्सिलले विज्ञप्तिमा भनेको छ ।

यसैगरी पत्रकारिताका मूल्य/मान्यताविपरीत गैरपेसागत आचरण गर्ने, तथ्यगत परीक्षण एवं आधार/प्रमाण बेगर सामग्री सम्प्रेषण गर्ने, सामाजिक सञ्जालको दुरूपयोग गरी समाजमा उत्तेजना/अफवाह भ्रम फैलाउने, परिस्थितिलाई उत्तेजक बनाउन नियोजित रूपमा गलत, मिथ्या एवं तथ्यलाई तोडमरोड गरी सामग्री प्रकाशन गर्ने, पेसागत आचरणविपरीत एवं गैरकानुनी कार्य भएको हुँदा त्यस्ता कार्य हुन नदिनेतर्फ सजग रहन सञ्चारमाध्यम, आमपत्रकार एवं सञ्चारकर्मीमा आग्रह गरिएको छ ।

# एक सय २१ किलो चरेससहित दुईजना पक्राउ

मकवानपुर, ८ माघ (रासस) ।

यहाँको थाहा नगरपालिका-१० स्थित टौखेलबाट मार्खु तर्फ जादै गरेको वा प्र ०३००१ ह १५०७ नं अटोबाट १२१ किलो ४६६ मिलिग्राम चरेससहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषध ओसारपसारमा संलग्न भएको अभियोगमा मकवानपुरको कैलाश गाउँपालिका-५ बस्ने वर्ष २१ का सानु कान्छा थिङ र अटो चालक थाहानगरपालिका-४ बस्ने वर्ष २९ को घनश्याम वल लामालाई प्रहरीको विशेष टोलीले अटोसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक पुस्कर बोगटीले जानकारी दिनुभयो ।

प्रहरी प्रवक्ता बोगटीका अनुसार पालुङ र चित्लाङबाट खटिएको संयुक्त टोलीले अटोभित्र रहेको १२ वटा रबरको डिब्बाभित्र लुकाई ल्याएको चरेस फेला पारेको हो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np